नेपाल सरकार

# गृह मन्त्रालय

**(प्रहरी प्रशासन शाखा)**

पत्र संख्या:-०७३/०७४
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-प्र.प्र.टि.९५ (०७१/०७२)/३५२

सिंहदरवार,
काठमाडौं, नेपाल।
मिति :- २०७३/०८/२१

बिषयः- स्वीकृति सम्बन्धमा।

श्री सशस्त्र प्रहरी बल प्रधान कार्यालय,
हलचोक, काठमाण्डौं।

उपर्युक्त बिषयमा संयुक्त राष्ट्रसंघको अनुरोधमा शान्ति स्थापनार्थ Formed Police Unit (FPU) को रुपमा खटिई जाने सशस्त्र प्रहरी कर्मचारीहरुको छनौट गर्ने सन्दर्भमा छनौट प्रक्रियालाई अझै पारदर्शी, वैज्ञानिक एवं समय सापेक्ष बनाउन तथा छनौटका दौरानमा देखा परेका व्यवहारिक कठिनाई, त्रुटि तथा कमि कमजोरीहरु समेतलाई सहज बनाई छनौट प्रक्रियालाई पारदर्शी, निष्पक्ष, व्यवहारिक, सुदृढ र व्यवस्थित बनाउनका निमित्त विद्यमान **"सशस्त्र प्रहरी बलमा UN FPU मिशन छनौट निर्देशिका-२०७१"** लाई नेपाल सरकार (मा. उपप्रधान तथा गृहमन्त्रीस्तर) को मिति २०७३।०८।२० को निर्णयानुसार संशोधन गर्न स्वीकृति प्राप्त भएको हुँदा संशोधन गरिएको **"सशस्त्र प्रहरी बलमा UN FPU मिशन छनौट निर्देशिका (पहिलो संशोधन), २०७१"** को छायाँप्रति यसैसाथ संलग्न राखी आवश्यक कार्यार्थ पठाईएको व्यहोरा निर्णयानुसार अनुरोध छ।

(राजेन्द्र शर्मा)
शाखा अधिकृत

# सशस्त्र प्रहरी बलमा UN FPU मिशन छनौट
# निर्देशिका (पहिलो संशोधन), २०७१

**प्रस्तावना** :सशस्त्र प्रहरी बलमा UN FPU मिशन छनौट निर्देशिका, २०७१ लाई संशोधन गरी UN FPU मिशन छनौट प्रक्रियालाई निश्पक्ष, पारदर्शी एवं व्यवहारिक बनाउन वाञ्छनीय भएकोले "सशस्त्र प्रहरी बलमा UN FPU मिशन छनौट निर्देशिका, २०७१" संशोधन गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो निर्देशिकाको नाम "सशस्त्र प्रहरी बलमा UN FPU मिशन छनौट निर्देशिका (पहिलो संशोधन), २०७१" रहेको छ ।

२. **सशस्त्र प्रहरी बलमा UN FPU मिशन छनौट निर्देशिका, २०७१ (यस पछि "मूल निर्देशिकाको" भनिएको) को दफा ३ मा:**

(१) खण्ड (क) मा रहेका "जेष्ठताक्रमको आधारमा" भन्ने शब्दहरु पछि रहेको "न्यूनतम मापदण्ड पूरा भएकाहरु मध्येबाट" भन्ने शब्दहरु झिकिएको छ ।

(२) खण्ड "(ख)" को सट्टा देहायको खण्ड "(ख)" राखिएको छः

"(ख) जुनियर अधिकृत र अन्य दर्जाका सशस्त्र प्रहरी कर्मचारीहरुको हकमा केन्द्रीय जेष्ठताक्रमको आधारमा छनौट भएका स.प्र.क.हरुलाई स.प्र.बल यु.एन. शान्ति स्थापना तालिम केन्द्र ककनीमा FPU Pre-deployment तालिमका लागि छनौट गरी पठाउने ।"

(३) खण्ड (ग) मा रहेका "अन्तिम छनौट कार्यलाई" भन्ने शब्दहरुको सट्टा "तालिमको दौरानमा स्तर परीक्षा" भन्ने शब्दहरु राखिएको छ ।

(४) खण्ड (घ) मा रहेका "नगरेमा अर्को तहको परीक्षामा समावेश गरिने छैन" भन्ने शब्दहरुको सट्टा "गर्नु पर्नेछ" भन्ने शब्दहरु राखिएको छ ।

(५) खण्ड "(ङ)" को सट्टा देहायको खण्डा "(ङ)" राखिएको छः

"(ङ) परिशिष्ट "ग" मा उल्लेख भए बमोजिमको दर्जागत व्यावसायिक तालिम पूरा नगरेका सशस्त्र प्रहरी कर्मचारीहरुलाई छनौट गरिने छैन । तर दर्जागत व्यावसायिक तालिममा सहभागी हुन समान अवसर प्राप्त नगरेका सशस्त्र प्रहरी कर्मचारीहरु भएमा निजलाई ज्येष्ठताको आधारमा सहभागी गराउन वाधा पर्ने छैन ।"

३. **मूल निर्देशिकाको दफा ४ मा संशोधन : मूल निर्देशिकाको दफा ४ को उपदफा (१), (२) र (३):**

"(१) दफा ४ को उपदफा "(१)" को सट्टा देहायको उपदफा "(१)" राखिएको छः

(१) FPU मिशनको लागि सशस्त्र प्रहरी कर्मचारीहरु छनौट गर्नका लागि देहायबमोजिमको केन्द्रीय छनौट समिति रहनेछः

(क) मानव श्रोत विकास विभाग प्रमुख वा निजले तोकेको वरिष्ठ अधिकृत -संयोजक
(ख) गृह मन्त्रालय, अधिकृत प्रतिनिधि - सदस्य
(ग) सशस्त्र प्रहरी महानिरीक्षकको सचिवालयबाट अधिकृत प्रतिनिधि - सदस्य

(घ) प्रशासन विभाग (क.प्र. शाखा) बाट सिनियर अधिकृत प्रतिनिधि - सदस्य
(ङ) मद्दती तथा सेवा निर्देशनालयबाट सिनियर अधिकृत प्रतिनिधि - सदस्य
(च) कानुन निर्देशनालयको सिनियर अधिकृत प्रतिनिधि - सदस्य
(छ) विदेश शाखा प्रमुख - सदस्य सचिव"

(२) दफा ४ को उपदफा "(२)" को सट्टा देहायको उपदफा "(२)" राखिएको छ:
"(२) तालिमरत स.प्र.क.हरुको स्तर परीक्षाको लागि निम्नानुसारको परीक्षा संचालक समिति रहनेछ:

(क) मानवश्रोत विकास विभाग प्रमुख वा निजले तोकेको वरिष्ठ अधिकृत - संयोजक
(ख) राष्ट्रिय सशस्त्र प्रहरी बल प्रशिक्षण प्रतिष्ठान सि.अ.प्रतिनिधि - सदस्य
(ग) व्यवसायिक तथा गुणस्तर निर्देशनालय सि.अ. प्रतिनिधि - सदस्य
(घ) स.प्र.बल यु.एन. शान्ति स्थापना तालिम केन्द्र सि.अ. प्रतिनिधि - सदस्य
(ङ) मानवश्रोत विकास विभाग (विदेश शाखा) सि.अ. प्रतिनिधि - सदस्य सचिव"

(३) दफा ४ को उपदफा "(३)" झिकिएको छ ।

४. <u>मूल निर्देशिकाको दफा ५ मा संशोधन : मूल निर्देशिकाको दफा ५ :</u>

(१) दफा ५ को खण्ड "(क)" झिकिएको छ ।

(२) खण्ड (ख) मा "......मेडिकल प्रतिवेदन ठीक भएको" भन्ने शब्दहरुको सट्टा "मानसिक तथा शारिरीक रुपमा ठीक भएको" भन्ने शब्दहरु राखिएको ।

(३) खण्ड "(ग)" को सट्टा देहायको "(ग)" राखिएको छ :
"(ग) सेवा अवधी कम्तीमा ५ वर्ष पूरा भएको हुनु पर्नेछ । तर प्राविधिकको हकमा आवश्यकता अनुसार गरिने छ ।"

५. <u>मूल निर्देशिकाको दफा ६ मा संशोधन : मूल निर्देशिकाको दफा ६ :</u>

(१) दफा ६ को खण्ड (क) मा रहेको "२०६०" को सट्टा "२०७२" राखिएको छ ।

(२) खण्ड "(घ)" को सट्टा देहायको खण्ड "(घ)" राखिएको छ:
"(घ) ब्यक्तिगत अभिलेखमा जनिने गरी ३ (तीन) पटक कारबाही भएकोमा कारबाही फुकुवा भएको मितिले ३ बर्ष र सो भन्दा बढी कारबाही भएकोमा कारवाही फुकुवा भएको मितिले ५ बर्षसम्म ।"
(३) खण्ड "(झ)" झिकिएको ।

६. <u>मूल निर्देशिकाको दफा ७ मा संशोधन : मूल निर्देशिकाको दफा ७ :</u>

(१) दफा ७ को उपदफा (४) को खण्ड "(क)" को सट्टा देहायको खण्ड "(क)" राखिएको छ:
"(क) जुनियर अधिकृत र अन्य दर्जाका सशस्त्र प्रहरी कर्मचारीहरुको छनौट गर्दा न्यूनतम् मापदण्ड पुगेकाहरु मध्येबाट सशस्त्र प्रहरी बल प्रधान कार्यालय, कर्मचारी प्रशासन शाखाको अभिलेखमा जनिएको ज्येष्ठताक्रमको आधारमा छनौट गरिनेछ ।"

(२) उपदफा (५) को खण्ड (क) मा रहेको "कर्मचारीहरुको मात्र छुट्टै प्रतिस्पर्धा गराई छनौट" भन्ने शब्दहरुको सट्टा "कर्मचारीहरुलाई छनौट" भन्ने शब्दहरु राखिएको छ ।

(३) उपदफा (५) को खण्ड "(ख)" र "(ग)" झिकिएको छ ।

(४) उपदफा (६) मा रहेको "१ जना हजाम" भन्ने शब्दहरुको पछाडि "१ जना मोची वा टेलर" भन्ने शब्दहरु थपिएको छ ।

७. **मूल निर्देशिकाको दफा ८ मा संशोधन : मूल निर्देशिकाको दफा ८ :**

(१) दफा ८ मा रहेको "छनौटका लागि लिइने परीक्षाहरु" भन्ने शब्दहरुको सट्टा "छनौट भई तालिमरत सशस्त्र प्रहरी कर्मचारीहरुलाई लिइने स्तर परीक्षा" भन्ने शब्दहरु राखिएको छ ।

(२) दफा ८ को खण्ड (ख) मा रहेको "ब्याटल ड्रेस अनिवार्य हुनु पर्ने" भन्ने शब्दहरुको सट्टा "एकरुपताका लागि ब्याटल ड्रेस वा चुस्ता पोशाक" भन्ने शब्दहरु राखिएको छ ।

८. **मूल निर्देशिकाको दफा ९ मा संशोधन : मूल निर्देशिकाको दफा ९ :**

(१) दफा ९ सट्टा देहायको दफा ९ राखिएको छ ।

"९. **जुनियर अधिकृत/अन्य दर्जाको छनौट परीक्षा संचालन विधि** : जुनियर अधिकृत/अन्य दर्जाको स्तर परीक्षा संचालन विधि देहाय बमोजिम हुनेछ :-

(क) बस्तुगत प्रश्नपत्र तथा उत्तरको मास्टरकपी निर्माण तथा छपाई कार्यको जिम्मेवारी स्तर परीक्षा समितिका संयोजक तथा निजले तोकेको प्रतिनिधि मार्फत गरिने छ ।

(ख) केन्द्रीय समितिबाट तयार गरी सिलबन्दी गरिएको प्रश्न पत्र परीक्षा संचालनको समयमा स्तर परीक्षा संचालन समितिका संयोजक तथा सम्पूर्ण सदस्यहरुको रोहवरमा मुचुल्का गरी सिलबन्दी खोली परीक्षा संचालन गरिनेछ ।

(ग) व्यवसायिक लिखित परीक्षा संचालन पश्चात् स्तर परीक्षा समितिले निर्धारण गरेको मास्टर कपीको आधारमा उत्तर पुस्तिका परीक्षण गरी व्यवसायिक लिखित परीक्षाको नतिजा प्रकाशन गर्नेछ ।"

९. **मूल निर्देशिकाको दफा १० मा संशोधन : मूल निर्देशिकाको दफा १० :**

(१) उपदफा (७) मा रहेको "उक्त संख्या" भन्ने शब्दको पछाडि "ज्येष्ठ" भन्ने शब्द थपिएको छ ।

१०. **मूल निर्देशिकाको दफा ११ मा संशोधन : मूल निर्देशिकाको दफा ११ :**

(१) दफा ११ को उपनियम (१) मा रहेको "निम्न" को सट्टा "देहायको निम्न" राखिएको छ:

**निम्न:**

| क्र.सं. | दर्जा | प्रतिशत | कै. |
|---|---|---|---|
| १. | मेडिकल | २० | |
| २. | सवारी चालक | ५० | |
| ३. | संचार | १० | |
| ४. | आर्मोरर | ४ | |
| ५. | कम्प्यूटर अप्रेटर वा टेक्निसियन | ४ | |

| | | | |
|---|---|---|---|
| ६. | ईलेक्ट्रिसियन | ४ | |
| ७. | भेहिकल मेकानिक्स | ४ | |
| ८. | म.से.नि. तर्फ राजपत्र अनङ्कित तथा अन्य | ४ | |
| जम्मा | | १०० | |

(२) दफा ११ को उपदफा "(२)" सट्टा देहायको उपदफा "(२)" राखिएको छः

"(२) मेडिकल तर्फ छनौट गर्दा कम्तिमा २ (दुई) जना डाक्टर, १ (एक) स्टाफ नर्स र ३ (तीन) प्यारामेडिक्स छनौट गर्नु पर्नेछ।"

(३) उपदफा (३) मा रहेको "मनोनयन गरी" भन्ने शब्दहरुको पछाडि रहेको "छनौट" भन्ने शब्दको सट्टा "स्तर" भन्ने शब्द राखिएको छ।

(४) उपदफा "(४)" झिकिएको छ।

११. <u>मूल निर्देशिकाको दफा १२ मा संशोधन : मूल निर्देशिकाको दफा १२ :</u>

(१) दफा "१२" को सट्टा देहायको दफा "१२" राखिएको छः

"(१२) <u>बैकल्पिक उम्मेदवारको व्यवस्था:</u> FPU मिशनमा छनौट हुने उम्मेदवारहरुको सूची प्रकाशन गर्दा दर्जागत संख्यामा १० (दश) प्रतिशत बैकल्पिक उम्मेदवार समावेश गरी सूची प्रकाशन गर्नु पर्नेछ। बैकल्पिकमा रहेका उम्मेदवाहरु मेडिकल (मानसिक तथा शारिरीक) फिट भएको सर्टिफिकेटको आधारमा स्वतःअर्को FPU मिशनमा सहभागी हुन पाउनेछन्।"

१२. <u>मूल निर्देशिकाको दफा १५ मा संशोधन : मूल निर्देशिकाको दफा १५ :</u>

(१) दफा १५ को खण्ड (ख) मा रहेको "कानुन तथा अनुगमन शाखा" भन्ने शब्दहरुको सट्टा " कानुन निर्देशनालय" भन्ने शब्दहरु राखिएको छ।

१३. <u>मूल निर्देशिकाको परिशिष्ठमा संशोधन</u> : मूल निर्देशिकाको,

१. परिशिष्ठ - "ग" को सट्टा देहायको परिशिष्ठ -"ग" राखिएको छ।

परिशिष्ठ"ग"

(दफा ३ को खण्ड "ग"को (ग३) सँग सम्बन्धित तालिमको सूची )

(१) **प्रशासन तर्फ**

(क) आधारभूत तालिम अनिवार्य गरेको हुनु पर्ने ।

(ख) व्यवसायिक तालिमहरु अन्तर्गत सशस्त्र प्रहरी नियमावली, २०७२ को अनुसूची -११ ले निम्न खण्डमा तोकिएको तालिमहरुलाई जनाईनेछ ।

(१) पेशागत तालिम
(२) सेवा सम्बन्धी तालिम
(३) शारीरिक तालिम (यस समूहमा शारीरिक व्यायाम र ड्रिल तालिमलाई मान्यता दिइने छैन)
(४) प्रशासन सम्बन्धी तालिम
(५) सुरक्षा सम्बन्धी तालिम
(६) अपराध अनुसन्धान तथा नियन्त्रण

(ग) विपद व्यावस्थापन तालिम र स्पेशल टास्क फोर्स तालिमलाई पनि व्यावसायिक तालिममा गणना गरिने छ ।

(घ) खण्ड (ख) र (ग) मा उल्लेख भएको व्यवसायिक तालिमहरु निम्न दर्जागत रुपमा गरेको हुनुपर्ने ।

निम्न:

| सप्रबउ | सप्रउ | सप्रनाउ | सप्रनि | सप्रबनानि र सप्रनानि | सप्रसनि | सप्रबह | सप्रह | सप्रसह | सप्रज | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सुरक्षा व्यवस्थापन तथा उच्च स्तरीय व्यवस्थापन तालिम वा स्टाफ कलेज वा नेशनल डिफेन्स कोर्ष | सिनियर कमाण्ड वा व्यवस्थापन तथा योजना तालिम | गणपति वा ए.पि.एफ.कमाण्ड तथा स्टाफ तालिम, | युवक अधिकृत तालिम र गुल्मपति तथा स्टाफ तालिम (CCSC), बढुवाको हकमा अल्पकालिन आधारभूत तालिम पूरा गरेको | से.म.पति तालिम वा प्रशासनिक तालिम | खुल्ला तर्फका लागि कुनै १ व्यवसायिक तालिम, बढुवाको हकमा अल्पकालिन तालिम पूरा गरेको | कुनै ४ व्यवसायिक तालिमहरु गरेको | कुनै ३ व्यवसायिक तालिमहरु गरेको | कुनै २ व्यवसायिक तालिमहरु गरेको | कुनै १ व्यवसायिक तालिम गरेको | |

(२) **प्राविधिक/ट्रेड तर्फ**

(क) आधारभूत तालिम अनिवार्य गरेको हुनु पर्ने ।

(ख) प्राविधिक एवं ट्रेडसंग सम्बन्धित तालिमहरु लिई सम्बन्धित ट्रेडको काम कारवाही गर्ने अनुमति प्राप्त भएको हुनु पर्नेछ ।

**नोटः-**

(१) व्यवसायिक तालिम कम्तिमा ४ हप्ताको हुनु पर्नेछ ।

(२) FPU Pre-Deployment तालिम सञ्चालन हुनु अघिसम्म अनिवार्य दर्जागत तालिम समापन हुने तालिमरत सशस्त्र प्रहरी कर्मचारीहरुलाई मात्र FPU मिशन छनौटमा छनौट गरी परीक्षामा समावेश गरिनेछ ।

(३) अनिवार्य तालिम बाहेक अन्य तालिमहरुमा तालिमरत सशस्त्र प्रहरी कर्मचारीहरुको हकमा निजले गरिरहेको तालिम वा FPU मिशन छनौट परीक्षा मध्ये कुनै एक मौकालाई छनौट गर्नु पर्नेछ ।

# "सशस्त्र प्रहरी बलमा UN FPU छनौट निर्देशिका (पहिलो संशोधन) २०७१"

APFHQ, IG's SECRETARIAT
APPROVED

मिति २०७३।०८।२१ गते ।

APFHQ, IGP'S SECRETARIAT
APPROVED

# सशस्त्र प्रहरी बलमा UN FPU मिशन छनौट निर्देशिका, २०७१

संशोधन | मिति
---|---
१. सशस्त्र प्रहरी बलमा UN FPU मिशन छनौट (पहिलो संशोधन) निर्देशिका, २०७१ | २०७३।०८।२१ गते ।

**प्रस्तावना** :-

संयुक्त राष्ट्र संघीय Peacekeeping Missionअन्तर्गत FPU (Formed Police Unit)मिशनमा सहभागी हुन जानसशस्त्र प्रहरी बलका सकल दर्जाका कर्मचारीहरुको छनौट प्रक्रियालाई पारदर्शी, निष्पक्ष, व्यवहारिक, सुदृढ र व्यवस्थित बनाउने बाञ्छनिय भएकोले,

नेपाल सरकार गृह मन्त्रालयबाट यो निर्देशिका जारी गरिएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** :-(१) यस निर्देशिकाको नाम "UN FPUमिशन छनौट निर्देशिका, २०७१" रहेको छ ।

(२) यो निर्देशिका नेपाल सरकार गृह मन्त्रालयबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. **परीभाषा** :- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "UN" भन्नाले संयुक्त राष्ट्र संघ सम्झनु पर्दछ ।

(ख) "FPU" भन्नाले Formed Police Unit अर्थात संयुक्त राष्ट्र संघ अर्न्तगत प्रहरी इकाई सम्झनु पर्दछ ।

(ग) "Peace Keeping Mission"भन्नाले संयुक्त राष्ट्र संघ अर्न्तगत शान्ति कायम गर्ने मिशनसम्झनु पर्दछ ।

(घ) "DPKO"भन्नाले संयुक्त राष्ट्र संघ अर्न्तगतको "Department of Peacekeeping Operation" लाई सम्झनु पर्दछ ।

(ङ) "कमाण्डिङ्ग अफिसर" भन्नाले FPU कार्यालय प्रमुख वा इन्चार्ज सम्झनु पर्दछ ।

(च) "सहायक पति" भन्नाले कार्यालय प्रमुख पछिको दोश्रो कर्मचारी (2ic)सम्झनु पर्दछ ।

(छ) "अन्य दर्जा" भन्नालेसशस्त्र प्रहरी जवान देखि सशस्त्र प्रहरी बरिष्ठ हवल्दार दर्जा सम्मको दर्जालाई सम्झनु पर्दछ ।

(ज) "मंकि क्रलिङ्ग" भन्नाले सुरक्षा फौजमा प्रचलित विभिन्न बाधापार अर्थात Obstacles मध्ये डोरीबाट बाँदर चाल जस्तै गरी पार गर्नुपर्ने एक बाधापार सम्झनु पर्दछ ।

(झ) "फायरमेन लिफ्ट" भन्नाले घाईते विरामीलाई घट्नास्थलबाट उपचारार्थ लैजान अर्को व्यक्तिले बोक्ने काम सम्झनु पर्दछ ।

APFHQ, IGP's SECRETARIAT
APPROVED

(ञ) "डबल डिच" भन्नाले सुरक्षा फौजमा प्रचलित विभिन्न बाधापारहरु मध्ये पानीले भरेको दुईवटा खाल्डो सम्झनु पर्दछ ।

(ट) "विशेषकोटा" भन्नाले यस निर्देशिकाको दफा७ को उपदफा (३) को खण्ड (घ) र उपदफा (४) को खण्ड (घ) मा गरिएको व्यवस्था लाई सम्झनु पर्दछ ।

(ठ) "उत्कृष्ट कार्य" भन्नाले विभिन्न खाले जोखिमपूर्ण कार्य गरेको वा लामो समय सम्म विशेष जिम्मेवारीमा रहीसांगठनिक छवि उच्च राख्न उत्कृष्ट कार्य गरेको अवस्थालाई सम्झनु पर्दछ ।

(ड) "जेष्ठता" भन्नाले हालको दर्जामा पदोन्नति वा नियुक्ति भएको मिति अनुसारको जेष्ठताको आधारलाई मानिनेछ । तर एउटै मितिमा नियुक्ति वा पदोन्नति भएकाहरुको हकमा नियुक्ति वा पदोन्नति हुंदाको सूची अनुसारको केन्द्रिय जेष्ठता कमलाई मानिनेछ ।

(ढ) "Pre - FPAT" भन्नाले FPU मिशनको छनौटको कममा संयुक्त राष्ट्र संघ वा सो अन्तर्गत तोकिएको मिशनबाट खटि आएको प्रतिनीधिले लिने परिक्षा संचालनलाई जनाउँछ ।

परिच्छेद -२

## छनौट गर्ने आधार

३. **FPUमिशनमा सशस्त्र प्रहरी कर्मचारीहरुको छनौट गर्ने आधारहरु** :-FPUमिशनमा सहभागी हुने सशस्त्र प्रहरी कर्मचारीहरुको छनौट गर्ने आधारहरु देहाय बमोजिम हुनेछः-

(क) केन्द्रिय जेष्ठताक्रमको आधारमा [१]............छनौट गर्ने ।

[२](ख) जुनियर अधिकृत र अन्य दर्जाका सशस्त्र प्रहरी कर्मचारीहरुको हकमा केन्द्रिय जेष्ठताक्रमको आधारमाछनौट भएका स.प्र.क.हरुलाई स.प्र.बल यु.एन. शान्ति स्थापना तालिम केन्द्र ककनीमा FPU Pre-deployment तालिमको लागी मनोनयन गरी पठाउने ।

(ग) जुनियर अधिकृत र अन्य दर्जाका सशस्त्र प्रहरी कर्मचारीहरुको [३]तालिमको दौरानमास्तर परिक्षानिम्नानुसार तहमा विभाजन गरि संचालन गरिने छ ।

(ग१) "क" शारीरिक सहिष्णुता तथा बाधापार,

(ग२) "ख" व्यवसायिक लिखित परिक्षा,

(घ) खण्ड (ग) को उपखण्ड (ग१) र (ग२) मा उल्लेख भए अनुसारको तहहरु अनुरुपप्रत्येक तहको परिक्षा सफलतापूर्वक उर्त्तिण[४]गर्नु पर्नेछ ।

---

[1]पहिलो संशोधनद्धारा झिकिएको ।
[2]पहिलो संशोधनद्धारा संशोधन गरिएको ।
[3]पहिलो संशोधनद्धारा संशोधन गरिएको ।
[4]पहिलो संशोधनद्धारा संशोधन गरिएको ।

APFHQ, IGP's SECRETARIAT
APPROVED

[5](ङ) परिशिष्ट “ग” मा उल्लेख भए बमोजिमको दर्जागत व्यावसायिक तालिम पूरा नगरेका सशस्त्र प्रहरी कर्मचारीहरुलाई छनौट गरिने छैन । तर दर्जागत व्यावसायिक तालिममा सहभागी हुन समान अवसर प्राप्त नगरेका सशस्त्र प्रहरी कर्मचारीहरु भएमा निजलाई ज्येष्ठताको आधारमा सहभागी गराउन वाधा पर्ने छैन ।

परिच्छेद -३

## छनौट समितिको गठन

४. **FPU छनौट समितिको गठनः-** [६](१) FPU मिशनको लागि सशस्त्र प्रहरी कर्मचारीहरु छनौट गर्नका लागि देहायबमोजिमको केन्द्रीय छनौट समिति रहनेछः

(क) मानव श्रोत विकास विभाग प्रमुख वा निजले तोकेको वरिष्ठ अधिकृत -संयोजक
(ख) गृह मन्त्रालयकोप्रतिनीधि - सदस्य
(ग) सशस्त्र प्रहरी महानिरीक्षकको सचिवालयबाट अधिकृत प्रतिनीधि - सदस्य
(घ) प्रशासन विभाग (क.प्र. शाखा) बाट सिनियर अधिकृत प्रतिनीधि - सदस्य
(ङ) मद्दती तथा सेवा निर्देशनालयबाट सिनियर अधिकृत प्रतिनीधि - सदस्य
(च) कानुन निर्देशनालयका सिनियर अधिकृत प्रतिनीधि - सदस्य
(छ) विदेश शाखा प्रमुख - सदस्य सचिव

[७](२) तालिमरत स.प्र.क.हरुको स्तर परीक्षाको लागि निम्नानुसारको परीक्षा संचालक समिति रहनेछः

(क) मानवश्रोत विकास विभागिय प्रमुखवानिजले तोकेको वरिष्ठ अधिकृत - संयोजक
(ख) राष्ट्रिय सशस्त्र प्रहरी बल प्रशिक्षण प्रतिष्ठान सि.अ.प्रतिनिधी - सदस्य
(ग) व्यवसायीक तथा गुणस्तर निर्देशनालय सि.अ. प्रतिनीधि - सदस्य
(घ) स.प्र.बल यु.एन. शान्ति स्थापना तालिम केन्द्र सि.अ. प्रतिनीधि - सदस्य
(ङ) मानवश्रोत विकास विभाग (विदेश शाखा) सि.अ. प्रतिनीधि - सदस्य सचिव

[८](३) .............

---

[5]पहिलो संशोधनद्वारा संशोधन गरिएको ।
[6]पहिलो संशोधनद्वारा संशोधन गरिएको ।
[7]पहिलो संशोधनद्वारा संशोधन गरिएको ।
[8]पहिलो संशोधनद्वारा झिकिएको ।

APFHQ, IGP's SECRETARIAT APPROVED

परिच्छेद -४

## छनौट गर्ने न्युनतम मापदण्ड

५. **न्युनतम मापदण्ड** :-FPU मिसनमा छनौटको लागि देहाय बमोजिमको न्युनतम मापदण्ड हुनु पर्नेछः-

[९](क) ...............

(ख) शारीरिक सहिष्णुता उच्च भएको र [१०]मानसिक तथा शारिरीक रुपमा ठीक भएको,

[११](ग) सेवा अवधी कम्तीमा ५ वर्ष पुरा भएको हुनु पर्नेछ तर प्राविधिकको हकमा आवश्यकता अनुसार गरिने छ,

(घ) दर्जागत आधारभूत तालिम अनिवार्य रुपमा पूरा गरि तोकिएको दर्जागत ब्यावसायिक तालिम हासिल गरेको ।

६. **अयोग्य ठहरिने** :-FPU मिसनमा छनौट गर्नका लागिदेहाय बमोजिमको अवस्था भएमा मिशनको लागि योग्य ठहरिने छैन ।

(क) सशस्त्र प्रहरी नियमावली, [१२]२०७२ले तोकेको बिभागिय कारबाही भएको अवधि कायम रहेसम्म ।

(ख) आर्थिक अनियमितता गरेको प्रमाणित भएमा ।

(ग) बहु-विवाह गरेको सम्बन्धमा केन्द्रिय लैङ्गिक ईकाइको अभिलेखमा देखिएमा ।

[१३](घ) ब्यक्तिगत अभिलेखमा जनिने गरी ३(तिन) पटक कारबाही भएमा कारबाही फुकुवा भएको मितिले ३ बर्ष र सो भन्दा बढी कारबाहीभएकोमा कारवाही फुकुवा भएको मितिले ५ बर्षसम्म ।

(ङ) लैंगिक हिंसा सम्वन्धि विभागिय कारवाही भएमा ।

(च) मानव अधिकार सम्वन्धी कारवाही भएमा ।

(छ) FPU मिशन छनौट भई तालिमरत रहेको अवस्थामा अनुशासनहिन एवं आचरण विपरित कार्य गरेको ठहरेमा ।

(ज) FPU मिशनमा खटि गई मिशन क्षेत्रमा गम्भिर अनुशासनहिन एवं आचारण विपरित कार्य गरी संगठनको छविमा नकरात्मक असर पुऱ्याउने सशस्त्र प्रहरी कर्मचारीलाई मिशनबाट फिर्ता गर्न सक्नेछ र निजलाई पुनः मिशनमा छनौट गरिनेछैन ।

[१४](झ) ..............

---

[9]पहिलो संशोधनद्वारा झिकिएको ।
[10]पहिलो संशोधनद्धारा संशोधन गरिएको ।
[11]पहिलो संशोधनद्धारा संशोधन गरिएको ।
[12]पहिलो संशोधनद्धारा संशोधन गरिएको ।
[13]पहिलो संशोधनद्धारा संशोधन गरिएको ।

APFHQ, IGP's SECRETARIAT APPROVED

(ञ) FPU मिशन छनौटको अन्तिम नामावली प्रकाशित गरेको महिनाको १ गतेसम्म UNPOL मिशनबाट फर्केको १ बर्ष नपुगेमा ।

७. **छनौट प्रकृया:-**

(१) FPU मिशन छनौट प्रकृया गर्दा निष्पक्ष एवं पारदर्शी ढंगबाट सशस्त्र प्रहरी कर्मचारीहरुको छनौट गर्नुपर्नेछ ।

(२) FPU कमाण्डर छनौट गर्दा जेष्ठता र कार्य दक्षताको आधारमा केन्द्रिय छनौट समितीले छनौट गरि सशस्त्र प्रहरी महानिरीक्षक समक्ष पेश गरि स्वीकृति प्राप्ति पछि छनौट हुनेछन् ।

(३) **सिनियर अधिकृतको छनौट** :सिनियर अधिकृतहरुको छनौट गर्दा देहाय बमोजिमको आधारमा गर्नुपर्नेछ:-

(क) न्युनतम मापदण्ड पुगेका सशस्त्र प्रहरी नायव उपरीक्षक र सशस्त्र प्रहरी निरीक्षकहरुको छनौट सशस्त्र प्रहरी बल प्रधान कार्यालय प्रशासन विभाग अन्तर्गतको कर्मचारी प्रशासन शाखाको जेष्ठताक्रमको आधारमा छनौट गरिनेछ।

(ख) सिनियर अधिकृतको छनौट गर्दा मावनश्रोत विकास विभागले निर्धारण गरेबमोजिमका पाठ्यक्रमका आधारमा Pre-FPAT परिक्षा संचालन गर्नेछ । साथै सहभागीहरुले Pre-FPATपरीक्षामा उत्तिर्ण हुन पर्नेछ । सहभागीहरु मध्ये कोहीअनुतिर्ण भएमा जेष्ठताकमको आधारमा अर्को निकटतम जुनियरलाई परिक्षामा सहभागि गराईनेछ ।

(ग) Pre-FPAT मा अनुत्तिर्ण हुने सिनियर अधिकृतहरुलाई सोही वर्षको SAAT परीक्षमा सहभागी गराईने छैन ।

(घ) खण्ड (क) र (ख) मा जुनसुकै कुरा लेखिएको भएता पनि न्यूनतम मापदण्ड पुरा गरेका मध्येबाटअधिकतम ३ बर्ष मात्र सेवा अवधि बाँकी भएमा र एक पटक पनि FPU मिशन जान नपाएका २ सिनीयर अधिकृत सेबा अवधीको जेष्ठताक्रमको आधारमा विशेषकोटा अन्तर्गत केन्द्रीय छनौट समितिले छनौट गर्नेछ ।

(ङ) खण्ड (घ)अन्तर्गत विशेषकोटा मापदण्डका २ सिनियर अधिकृत मध्ये ज्येष्ठताक्रमको आधारमा १ सशस्त्र प्रहरी नायव उपरीक्षक र १ सशस्त्र प्रहरी निरीक्षकको छनौट गरिने छ । उक्त छनौट सम्बन्धित दर्जामानै गर्नुपर्नेछ ।

(च) ज्येष्ठताक्रम अनुसार छनौट भएका अधिकृतले FPU मिशनमा जान असमर्थता देखाएमा निजको लिखित प्रतिवेदन लिई मानवश्रोत विकाश विभाग (विदेश शाखा) सशस्त्र प्रहरी बल प्रधान कार्यालयले अभिलेख राख्नुपर्नेछ । निजले सोही वर्षकोSAAT को परिक्षामा सामेल हुन पाउने छैन।

(४) **जुनियर अधिकृत/अन्य दर्जाको छनौट:-** जुनियर अधिकृत/अन्य दर्जाको छनौट गर्दा देहाय बमोजिमको आधारमा गर्नुपर्नेछ :-

---

[14]पहिलो संशोधनद्धारा झिकिएको ।

APFHQ, IGP's SECRETARIAT
APPROVED

[15](क) जुनियर अधिकृत र अन्य दर्जाका सशस्त्रप्रहरी कर्मचारीहरुको छनौट गर्दा न्यूनतम मापदण्ड पुगेकाहरु मध्यबाट सशस्त्रप्रहरी बल प्रधानकार्यालय, कर्मचारी प्रशासन शाखाको अभिलेखमा जनिएको जेष्ठताक्रमको आधारमा छनौट गरिनेछ ।

(ख) प्रविणता प्रमाणपत्र तह उत्तिर्ण भएका जुनियर अधिकृतको छनौट गर्दा मावनश्रोत विकास विभागले निर्धारण गरेबमोजिमका पाठ्यक्रमका आधारमाPre-FPATपरिक्षा संचालन गरिनेछ । यसरी Pre-FPATपरिक्षा संचालन गर्दाशारिरीक सहिष्णुता र लिखित परिक्षा उत्तिर्ण गरे पश्चात संचालन गरिने छ ।सहभागीहरुले Pre-FPATपरीक्षामाउत्तिर्ण हुन पर्नेछ । सहभागिहरु मध्ये कोहीअनुतिर्ण भएमा जेष्ठताक्रमको आधारमा अर्को निकटतम जुनियरलाई परिक्षामा सहभागि गराईनेछ ।

(ग) Pre-FPAT मा अनुत्तिर्ण हुने जुनियर अधिकृतहरुलाई सोहि वर्षको SAAT परीक्षमा सहभागी गराईने छैन ।

(घ) खण्ड (क) र (ख) मा जुनसुकै कुरा लेखिएको भएता पनिन्यूनतम मापदण्ड पुरा गरेका मध्येबाट अधिकतम ३ बर्ष मात्र सेवा अवधि बाँकी भएमा र एक पटक पनि FPU मिशन जान नपाएका २ जुनीयर अधिकृत सेवा अवधिको जेष्ठताक्रमको आधारमा विशेषकोटा अन्तर्गत केन्द्रीय छनौट समितिले छनौट गर्नेछ ।

(ङ) खण्ड (घ)अन्तर्गत विशेषकोटा मापदण्डका २ जुनियर अधिकृत मध्ये ज्येष्ठताक्रमको आधारमा १ सशस्त्र प्रहरी नायव निरीक्षक र १ सशस्त्र प्रहरी सहायक निरीक्षकको छनौट गरिने छ ।

(च) जुनियर अधिकृत तथा अन्य दर्जा (परिचर बाहेक) FPUछनौटका लागी तोकिएको बाह्य तथा व्यावसायीक परिक्षामा अनिवार्य उत्तिर्ण हुनु पर्नेछ । पाठ्यक्रम तथा परिक्षा संचालन सशस्त्र प्रहरी बल प्रधान कार्यालय मानवश्रोत विकास विभागले तोके बमोजिम हुनेछ ।

(छ) सशस्त्र प्रहरी बरिष्ठ नायव निरीक्षकलाई FPU मिशन छनौट गर्दा दफा ३ को खण्ड (ग) को परिक्षाहरुमा समावेश गराईने छैन । केन्द्रिय ज्येष्ठताक्रमको आधारमा छनौट गरिने छ ।

(५) **महिला सशस्त्र प्रहरी कर्मचारीको छनौट** :FPU मिशन छनौटको लागि महिला सशस्त्र प्रहरी कर्मचारीहरुको देहाय बमोजिमको आधारमा छनौट गरिनेछ ।

(क) FPUमिशनको आवश्यकतानुसार महिला सशस्त्र प्रहरी कर्मचारीहरुको छनौट गर्दा केन्द्रीय जेष्ठता क्रमको आधारमा महिला सशस्त्र प्रहरी [16] कर्मचारीहरुलाई छनौटगरिने छ ।

[17](ख)..........

[18](ग) ..........

---

[15]पहिलो संशोधनद्वारा संशोधन गरिएको ।
[16]पहिलो संशोधनद्वारा संशोधन गरिएको ।
[17]पहिलो संशोधनद्वारा भिकिएको ।
[18]पहिलो संशोधनद्वारा भिकिएको ।

APFHQ, IGP's SECRETARIAT
APPROVED

(घ) FPU मिशनमा Robust Femal Element को लागि छुट्याईएको महिला सशस्त्र प्रहरी कर्मचारीहरुको कोटालाई महिला सशस्त्र प्रहरी कर्मचारीहरुबाटै पुर्ति गर्नुपर्नेछ । उक्त कोटा पुर्ति गर्दा ज्येष्ठताक्रम अनुसार छनौट गर्नुपर्नेछ ।

(ङ) कुनै FPU मिशनको लागी संयुक्त राष्ट्र संघबाट Robust Femal Element सहितको महिला सशस्त्र प्रहरी कर्मचारीहरुको संख्या माग भई आएमा सि.अ. १ ( स.प्र.नि.), जु.अ.-२ (स.प्र.ना.नि-१/स.प्र.स.नि.-१) तथा अन्य दर्जाहरुलाई निम्न समिकरणबाट दर्जा कट्टा गरि समायोजन गर्नु पर्नेछ ।

(अ) स.प्र.ब.ह.दर्जाबाट समायोजन गर्दा $= \frac{\text{आवश्यक महिला संख्या}}{\text{अन्य दर्जाको कुल संख्या}} \times$ स.प्र.ब.ह.को कुल संख्या

(आ) स.प्र.ह.दर्जाबाट समायोजन गर्दा $= \frac{\text{आवश्यक महिला संख्या}}{\text{अन्य दर्जाको कुल संख्या}} \times$ स.प्र.ह.को कुल संख्या

(इ) स.प्र.स.ह.दर्जाबाट समायोजन गर्दा $= \frac{\text{आवश्यक महिला संख्या}}{\text{अन्य दर्जाको कुल संख्या}} \times$ स.प्र.स.ह.को कुल संख्या

(ई) स.प्र.ज.दर्जाबाट समायोजन गर्दा $= \frac{\text{आवश्यक महिला संख्या}}{\text{अन्य दर्जाको कुल संख्या}} \times$ स.प्र.ज.को कुल संख्या

(६) **परिचर पदको छनौटः**-मिशनको आवश्यकता अनुसार विभिन्न ट्रेडका परिचरहरुको निर्धारण संख्या अनुसार छनौट गरिनेछ । विभिन्न ट्रेड अनुसार उपलब्ध जनशक्ति मध्ये न्युनतम मापदण्ड पुरा भएका संख्याबाट अनिवार्य रुपमा प्रत्येक FPU Unit माभान्से १ र पोडे १जना साथै प्रत्येक Mission रहेको देशमा१जना हजाम,[19]१ जना मोची वा टेलर र बाँकीको हकमा जेष्ठताक्रमको आधारमा मनोनयन गरिनेछ ।

## परिच्छेद -५
## छनौटका लागि लिइने परिक्षाहरु

८.**जुनियर अधिकृत र अन्य दर्जा**:-FPUमिशनमा मनोनित भई तालिमरत [20]छनौट भई तालिमरत सशस्त्र प्रहरी कर्मचारीहरुलाई लिइने स्तर परिक्षादफा ३ को खण्ड (ग) को (ग१) र (ग२) मा उल्लेख भएको परिक्षाहरु देहायबमोजिम हुनेछ ।

**(क) शारीरिक सहिष्णुता तथा बाधापार** :-शारिरीक सहिष्णुता तथा बाधापार निम्नानुसारको हुनेछ,

| चरण | विषय | नतिजा | कै. |
|---|---|---|---|
| प्रथम | २ माईल | | |
| दोश्रो | मंकीक्राउल | | |
| तेश्रो | डबल डिच | | |
| चौथो | फायरमेन लिफ्ट | | |

[19]पहिलो संशोधनद्धारा थप गरएिको ।
[20]पहिलो संशोधनद्धारा संशोधन गरएिको ।

APFHQ, IGP's SECRETARIAT
APPROVED

(ख) खण्ड (क) मा लिइने शारीरिक सहिष्णुता तथा बाधापार परिक्षामा सबै सशस्त्र प्रहरी कर्मचारीहरु [21]एकरुपताका लागि ब्याटल ड्रेस वा चुस्ता पोशाकअनिवार्य हुनु पर्दछ । लिइने परिक्षामा अनुत्तिर्ण भएमा अर्को चरणको परिक्षामा सहभागि हुन पाउने छैनन् र सो लिइने परिक्षाको नमूना परिशिष्ट "क" मा निर्धारण गरे बमोजिम हुनेछ ।

तर प्राविधिक सशस्त्र प्रहरी कर्मचारीहरुको हकमा ब्याटल ड्रेस अनिवार्य हुने छैन ।

(ग) महिला सशस्त्र प्रहरी कर्मचारीहरुलाई खण्ड (क) मा लिईने परिक्षाको दोस्रो चरण अन्तर्गत मंकीक्राउलको सट्टा उमेर अनुसार पुसअप र सिटअपको परिक्षा लिईनेछ ।उक्त परिक्षाको तालिका परिशिष्ट "क" मा उल्लेख भए बमोजिम हुनेछ ।

(घ) दफा ३ को खण्ड (ग) को (ग२) बमोजिम लिइने व्यावसायिक लिखित परिक्षा (प्रशासन एवं प्राविधिकतर्फको)हरुको अंकभार एवं उत्तिर्णाक निम्न फर्मेटमा उल्लेख भए बमोजिम हुनेछ ।

**प्रशासन तर्फ**

| क्र.सं. | विषय | अंङ्क | कोड | पास अंङ्क |
|---|---|---|---|---|
| १. | सशस्त्र प्रहरी ऐन तथा नियमावली र सेवा सम्बन्धी | ४ | A | ८ |
| २. | हातहतियार सम्बन्धी | ४ | B | |
| ३. | ट्याक्टीस तथा भिड नियन्त्रण सम्बन्धी | ४ | C | |
| ४. | UN तथा FPU सम्बन्धी | ४ | D | |
| ५. | मानव अधिकार तथा मानवीय कानून सम्बन्धी | ४ | E | |
| | जम्मा | २० | | |

**प्राविधिक तर्फ**

| क्र.सं. | विषय | अंङ्क | कोड | पास अंङ्क |
|---|---|---|---|---|
| १. | सशस्त्र प्रहरी ऐन तथा नियमावली र सेवा सम्बन्धी | ४ | A | ८ |
| २. | हातहतियार सम्बन्धी | २ | B | |
| ३. | सम्वन्धित ट्रेडको विषय सम्बन्धी | ६ | C | |
| ४. | UN तथा FPU सम्बन्धी | ४ | D | |
| ५. | मानव अधिकार तथा मानवीय कानून सम्बन्धी | ४ | E | |
| | जम्मा | २० | | |

[21]पहिलो संशोधनद्वारा थप गरिएको ।

APFHQ, IGP's SECRETARIAT APPROVED

[22]९. **जुनियर अधिकृत/अन्य दर्जाको छनौट परिक्षा संचालन विधि** : जुनियर अधिकृत/अन्य दर्जाको स्तर परिक्षा संचालन विधि देहाय बमोजिम हुनेछ :-

(क) बस्तुगत प्रश्नपत्र तथा उत्तरको मास्टरकपी निर्माण तथा छपाई कार्यको जिम्मेवारी स्तर परिक्षा समितिका संयोजक तथा निजले तोकेको प्रतिनिधि मार्फत गरिने छ।

(ख) केन्द्रीय समितिबाट तयार गरी शिलबन्दी गरिएको प्रश्नपत्र परिक्षा संचालनको समयमा स्तर परिक्षा संचालन समितिका संयोजक तथा सम्पूर्ण सदस्यहरुको रोहवरमा मुचुल्का गरी शिलबन्दी खोली परिक्षा संचालन गरिनेछ।

(ग) व्यवसायिक लिखित परिक्षा संचालन पश्चात् स्तर परिक्षा समितिले निर्धारण गरेको मास्टर कपीको आधारमा उत्तर पुस्तिका परिक्षण गरी व्यवसायिक लिखित परिक्षाको नतिजा प्रकाशन गर्नेछ।

## परिच्छेद -६

## कोटा वितरण

१०. **कोटा वितरण** :-(१) FPU मिशन छनौटगर्दा सशस्त्र प्रहरी कर्मचारीहरुकोदेहाय बमोजिमको प्रतिशतकोआधारमा दर्जागत कोटा वितरण गर्नुपर्नेछ।

| क.सं. | दर्जा | प्रतिशत | कैफियत |
|---|---|---|---|
| १. | सिनियर अधिकृत | ८ | |
| २. | जुनियर अधिकृत | १२ | |
| ३. | ट्रेड | १७ | |
| ४. | सशस्त्र प्रहरी बरिष्ठ हवल्दार | २० | |
| ५. | सशस्त्र प्रहरी हवल्दार | १३ | |
| ६. | सशस्त्र प्रहरी सहायक हवल्दार | १२ | |
| ७. | सशस्त्र प्रहरी जवान | १० | |
| ८. | परिचर | ४ | |
| ९. | उत्कृष्ट कार्य | ४ | (सशस्त्र प्रहरी बरीष्ठ नायव निरीक्षक र सो भन्दा मुनिको दर्जा सम्म मात्र) |
| | **जम्मा** | **१००** | |

(२) सिनियर अधिकृतहरुको कुल ८ प्रतिशत कोटा मध्येबाट सशस्त्र प्रहरी बरीष्ठ उपरीक्षक/सशस्त्र पहरी उपरीक्षक (कमाण्डर) १, सशस्त्र प्रहरी नायव उपरीक्षक३ (टु.आई सी.१/ अपरेशन -१र लजिस्टिक १) र बाँकी संख्या सप्रनिबाट छनौट गर्नु पर्ने छ। बिशेष कोटा अन्तर्गतका सि.अ.लाई सम्बन्धित दर्जामा समायोजन गनु पर्ने छ ।

(३) जुनियर अधिकृत दर्जाको कुल १२प्रतिशतको कोटालाई सत प्रतिशत मानिउक्त कोटा मध्येबाट सशस्त्र प्रहरी बरीष्ठ नायव निरीक्षक १, बाँकी हुन आउने संख्यालाई सशस्त्र

---
[22]पहिलो संशोधनद्धारा संशोधन गरिएको।

पहरी नायव निरीक्षक रसशस्त्र प्रहरी सहायक निरीक्षक दर्जामा आधा आधा संख्यामा छनौट गर्नु पर्नेछ । जस अन्तर्गत दुबै दर्जामा ६० प्रतिशत प्रविणता प्रमाणपत्र तह उत्तिण भएको हुनु पर्नेछ तथा शारिरीक सहिष्णुता एवं लिखति परिक्षा उत्तिण भए पश्चात Pre-FPAT मा समावेश हुनु पर्नेछ । बिशेष कोटा अन्तर्गतका जुनियर अधिकृतलाई सम्बन्धित दर्जामा समायोजन गनु पर्नेछ ।

(४) अन्य दर्जाको हकमा तोकिए बमोजिमको दर्जागत प्रतिशतबाट छनौट गरिने छ । यस प्रकार तोकिएको दर्जाबाट तोकिएको संख्या पूर्ति हुन नसकेमा क्रमश: सो भन्दा तल्लो दर्जाबाट केन्द्रिय जेष्ठताक्रमको आधारमा छनौट गरिने छ ।

(५) सशस्त्र प्रहरी दिवशको अवसरमा "वर्ष जवान" घोषित भएको सशस्त्र प्रहरी कर्मचारीलाई कुनै पनिछनौटपरिक्षामा सहभागी नगराईकन सम्बन्धित दर्जाबाट समायोजन गरि FPU Mission मा सहभागी गराईने छ ।

(६) असाधारण, साहसिक वा वीरतापूण कार्य गर्ने र संगठनको छवी र गरिमालाई उठाउने उत्कृष्ट कार्य गर्ने सशस्त्र प्रहरी कर्मचारीहरुको बुँदागत रुपमा स्पष्ट खुलाउने गरी विवरण सहितको सिफारिस माग गरे पश्चात् सम्पुर्ण सशस्त्र प्रहरी बल कार्यालयहरुबाट प्राप्त विवरणहरु मध्येबाट केन्द्रियस्तर समितिले ४ प्रतिशत सशस्त्र प्रहरी कर्मचारीहरुलाइ विवरण सहित अन्तिम स्वीकृतीको लागि स.प्र.म.नि.ज्यू समक्ष पेश गर्नु पर्नेछ र स्वीकृती प्राप्त भएपछि अन्तिम छनौट गर्नेछ । उत्कृष्ट कार्य गर्ने स.प्र.क. यस अन्र्तगत सशस्त्र प्रहरी बरीष्ठ नायव निरीक्षकर सो भन्दा मुनिको दर्जासम्म लाई समाबेश गरिनेछ ।

(७) उपदफा (३) मा उल्लेखित सशस्त्र प्रहरी बरीष्ठ नायव निरीक्षक पदको कोटामा यदी मिसन नगएको सशस्त्र प्रहरी बरीष्ठ नायव निरीक्षक नभएको अवस्थामा उक्त संख्या [२३]जेष्ठसशस्त्र पहरी नायव निरीक्षक पदमा गाभिने छ ।

(८) विभिन्न दर्जामा छनौट गर्दा प्रतिशतको आधारमा दशमलवमा फरक पर्न आएको संख्यालाई केन्द्रिय वोर्डले आबश्यकता अनुसार अन्य दर्जामा समायोजन गर्न सक्नेछ ।

(९) उपदफा (७) मा उल्लेख भए बमोजिमको दशमलब अन्तर देखिन आएमा बढी दशमलब प्रतिशतलाई प्राथामिकताको आधारमा दर्जागत संख्यामा समायोजन गरिनेछ ।

११. **<u>प्राविधिक समुह तर्फको कोटा वितरण</u>** :(१) FPU मिशनहरुमा बिभिन्न ट्रेड तर्फ छुट्टाईएको १७ प्रतिशतबाट हुन आउने संख्यालाई निम्न तोकिए बमोजिमको विभिन्न ट्रेडका सशस्त्र प्रहरी कर्मचारीहरुको छनौट गर्नु पर्नेछ ।

---

[23]पहिलो संशोधनद्बारा थप गरिएको ।

APFHQ, IGP's SECRETARIAT APPROVED

[२४]**निम्नः**

| क्र.सं. | दर्जा | प्रतिशत |
|---|---|---|
| १. | मेडिकल | २० |
| २. | सवारी चालक | ५० |
| ३. | संचार | १० |
| ४. | आर्मोरर | ४ |
| ५. | कम्प्यूटर अप्रेटर वा टेक्निसियन | ४ |
| ६. | ईलेक्ट्रिसियन | ४ |
| ७. | भेहिकल मेकानिक्स | ४ |
| ८. | म.से.नि. तर्फ राजपत्र अनङ्कित तथा अन्य | ४ |
| **जम्मा** | | **१००** |

[२५](२) मेडिकल तर्फ मनोनित गर्दा कम्तिमा कम्तिमा २ (दुई) जना डाक्टर, १ (एक) स्टाफ नर्स र ३ (तिन) प्यारामेडिक्स छनौट गर्नुपर्ने छ ।

(३) उपदफा (१) को क्र.सं. ८ मा उल्लेखित कोटामा केन्द्रिय जेष्ठताको आधारमा मनोनित गरी [२६]स्तरपरिक्षामा उत्तिर्ण हुने जेष्ठ सशस्त्र प्रहरी कर्मचारीहरुलाई मनोनयन गरिने छ ।

तर सम्बन्धित ट्रेडको सशस्त्र प्रहरी कर्मचारी मिशनबाट नै माग भई आएकोमा तथा आवश्यक देखिएमा सोही बमोजिम हुने गरी छनौट गर्नुपर्नेछ ।

[२७](४) ....................

परिच्छेद -८

## विविध

[२८]१२. **बैकल्पिक उम्मेदवारको व्यवस्था:**FPU मिशनमा छनौट हुने उम्मेदवारहरुको सूची प्रकाशन गर्दा दर्जागत संख्यामा १० (दश) प्रतिशत बैकल्पिक उम्मेदवार समावेश गरी सूचि प्रकाशन गर्नु पर्नेछ । बैकल्पिकमा रहेका उम्मेदवाहरु मेडिकल (मानसिक तथा शारिरीक) फिट भएको सर्टिफिकेटको आधारमा स्वत:अर्को FPU मिशनमा सहभागी हुन पाउनेछन् ।

१३. **निष्कृयता तथा कानून बमोजिम हुने** : यस निर्देशिकामा लेखिएका कुनै कुरा नेपालको प्रचलित कानूनसंग बाझिन गएको हदसम्म स्वत: निष्कृय हुनेछ र यसमा लेखिएका कुराहरु सम्बन्धित

[24]पहिलो संशोधनद्धारा संशोधन गरिएको ।
[25]पहिलो संशोधनद्धारा संशोधन गरिएको ।
[26]पहिलो संशोधनद्धारा संशोधन गरिएको ।
[27]पहिलो संशोधनद्धाराझिकिएको ।
[28]पहिलो संशोधनद्धारा संशोधन गरिएको ।

APFHQ, IGP's SECRETARIAT APPROVED

कार्यालयले नेपालको प्रचलित कानूनको मनसाय विपरीत नहुने गरी नेपाल सरकारको नीति, निर्देशनको परिधि भित्र रहेर गर्नेछ ।

१४. **निर्देशिकामा संशोधन** :यस निर्देशिकामा आवश्यकतानुसार समय सापेक्ष रुपमासंसोधन गर्न सकिनेछ । संसोधित बुँदा सशस्त्र प्रहरी बल प्रधान कार्यालयबाटगठन भएको बोर्डको राय अनुसार सशस्त्र प्रहरी महानिरीक्षकद्धारा सिफारिस साथ स्विकृतिको लागिनेपाल सरकार गृह मन्त्रालयमा समक्ष पेश गर्नुपर्नेछ ।

१५. **व्याख्या** :

(क) यो निर्देशिकाको व्याख्या गर्ने अधिकार नेपाल सरकार गृह मन्त्रालय वा सशस्त्र प्रहरी बल प्रधान कार्यालयलाई हुनेछ ।

(ख) उपदफा (क) बमोजिम व्याख्याको लागि निकास माग गर्दा सशस्त्र प्रहरी बल प्रधान कार्यालय [२९]कानून निर्देशनालय मार्फत माग गर्नुपर्नेछ ।

१६. **खारेजी** :यो निर्देशिका लागू हुनु भन्दा अघिको मितिमा प्रचलनमा रहेको "सशस्त्र प्रहरी वलमा UN FPUमिशन छनौट निर्देशिका, २०७०" खारेज गरिएको छ ।

[29]पहिलो संशोधनद्धारा संशोधन गरिएको ।

APFHQ, IGP's SECRETARIAT APPROVED

परिशिष्ठ "क"

(दफा ८ को (ख) सँग सम्बन्धित)

| टेष्टको विवरण | | ३० वर्ष भन्दा कम | ३०-३५ वर्ष सम्म | ३५-४० वर्ष सम्म | ४०-४५ वर्ष सम्म | कैफियत |
|---|---|---|---|---|---|---|
| २ माईल दौड | पुरुष | १८ मिनेट | २० मिनेट | २२ मिनेट | २४ मिनेट | ४५ वर्ष माथी समय सिमा छैन |
| | महिला | २२ मिनेट | २४ मिनेट | २६ मिनेट | २८ मिनेट | ४५ वर्ष माथी समय सिमा छैन |

| टेष्टको विवरण | उमेर | | पास | कैफियत |
|---|---|---|---|---|
| मंकीक्रल | १८-३५ वर्ष | पुरुष | सरासरी | |
| | ३५-४५ वर्ष | पुरुष | थप एक मौकामा सरासरी | |
| | ४५ वर्ष माथी | पुरुष | थप दुई मौकामा सरासरी | |

| टेष्टको विवरण | उमेर | | पास | कैफियत |
|---|---|---|---|---|
| डबल डिच | १८-३५ वर्ष | पुरुष | सरासरी | |
| | | महिला | दोश्रो मौका | |
| | ३५-४५ वर्ष | पुरुष | दोश्रो मौका | |
| | | महिला | तेश्रो मौका | |
| | ४५ वर्ष माथी | पुरुष | तेस्रो मौका | |
| | | महिला | चौथो मौका | |

| टेष्टको विवरण | उमेर | | पास | कैफियत |
|---|---|---|---|---|
| फायरमेन लिफ्ट (२०० मिटर) | १८-३५ वर्ष | पुरुष | ८० सेकेण्ड | |
| | | महिला | ९० सेकेण्ड | |
| | ३५-४५ वर्ष | पुरुष | ९० सेकेण्ड | |
| | | महिला | १०० सेकेण्ड | |
| | ४५ वर्ष माथी | पुरुष | १०० सेकेण्ड | |
| | | महिला | ११० सेकेण्ड | |

| टेष्टको विवरण | उमेर | | पास | कैफियत |
|---|---|---|---|---|
| पूस अप | १८-३५ वर्ष | महिला | ८ पटक | |
| | ३५-४५ वर्ष | महिला | ६ पटक | |
| | ४५ वर्ष माथी | महिला | ४ पटक | |

| टेष्टको विवरण | उमेर | | पास | कैफियत |
|---|---|---|---|---|
| सिट अप | १८-३५ वर्ष | महिला | ६ पटक | |
| | ३५-४५ वर्ष | महिला | ४ पटक | |
| | ४५ वर्ष माथी | महिला | २ पटक | |

[30]परिशिष्ठ"ग"

(दफा३ को खण्ड "ग"को (ग३) संग सम्बन्धित तालिमको सूचि )

**(१)प्रशासन तर्फ**

(क) आधारभुत तालिम अनिवार्य गरेको हुनु पर्ने ।

(ख) व्यवसायिक तालिमहरुअन्तर्गत सशस्त्र प्रहरी नियमावली, २०७२ को अनुसूची -११ ले निम्न खण्डमा तोकिएको तालिमहरुलाई जनाईनेछ । .

(१) पेशागत तालिम
(२) सेवा सम्बन्धि तालिम
(३) शारिरीक तालिम (यस समुहमा शारीरिक व्यायाम र ड्रिल तालिमलाई मान्यता दिइने छैन)
(४) प्रशासन सम्बन्धि तालिम
(५) सुरक्षा सम्बन्धि तालिम
(६) अपराध अनुसन्धान तथा नियन्त्रण

(ग) विपद व्यावस्थापन तालिम र स्पेशल टास्क फोर्स तालिमलाई पनि व्यावसायिक तालिममा गणना गरिने छ ।

(घ) खण्ड (ख) र (ग) मा उल्लेख भएको व्यवसायिक तालिमहरु निम्न दर्जागत रुपमा गरेको हुनुपर्ने ।

निम्न:

| सप्रबउ | सप्रउ | सप्रनाउ | सप्रनि | सप्रबनानि र सप्रनानि | सप्रसनि | सप्रबह | सप्रह | सप्रसह | सप्रज | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सुरक्षा व्यवस्थापन तथा उच्च स्तरिय व्यवस्थापन तालिम वा स्टाफ कलेज वा नेशनल डिफेन्स कोर्ष | सिनियर कमाण्ड वा व्यवस्थापन तथा योजना तालिम | गणपति वा ए.पि.एफ.कमाण्ड तथा स्टाफ तालिम, | युवक अधिकृत तालिम र गुल्मपति तथा स्टाफ तालिम (CCSC), बढुवाको हकमा अल्पकालिन आधारभूत तालिम पुरा गरेको | से.म.पति तालिम वा प्रशासनिक तालिम | खुल्ला तर्फका लागि कुनै १ व्यवसायिक तालिम, बढुवाको हकमा अल्पकालिन तालिम पुरा गरेको | कुनै ४ व्यवसायिक तालिमहरु गरेको | कुनै ३ व्यवसायिक तालिमहरु गरेको | कुनै २ व्यवसायिक तालिमहरु गरेको | कुनै १ व्यवसायिक तालिम गरेको | |

[30]पहिलो संशोधनद्धारा संशोधन गरिएको ।

(२) **प्राविधिक/ट्रेड तर्फ**

(क) आधारभुत तालिम अनिवार्य गरेको हुनु पर्ने ।

(ख) प्राविधिक एवं ट्रेडसंग सम्बन्धित तालिमहरु लिई सम्बन्धित ट्रेडको काम कारवाही गर्ने अनुमति प्राप्त भएको हुनु पर्नेछ ।

**नोटः-**

१) व्यवसायिक तालिम कम्तिमा ४ हप्ताको हुनुपर्नेछ ।

२) FPU प्री डिप्लोयमेन्ट तालिम सञ्चालन हुनु अघिसम्म अनिवार्य दर्जागत तालिम समापन हुने तालिमरत सशस्त्र प्रहरी कर्मचारीहरुलाई मात्र FPU मिशन छनौटमा मनोनयन गरी परिक्षामा समावेश गरिनेछ ।

३) अनिवार्य तालिम बाहेक अन्य तालिमहरुमा तालिमरत सशस्त्र प्रहरी कर्मचारीहरुको हकमा निजले गरिरहेको तालिम वा FPU मिशन छनौट परिक्षा मध्ये कुनै एक मौकालाई छनौट गर्नुपर्नेछ ।

APFHQ, IGP's SECRETARIAT APPROVED